# इस्लाममा मृत्यु र मृत्युपछिको जीवन

For a complete list of flyers click here
or visit us online

www.**islamic**ic.com/flyers

سبيلك للسلام

*Your Path To Peace..*

# इस्लाममा मृत्यु र मृत्युपछिको जीवन

7 - NEPALI | الموت والآخرة في الإسلام (9/10) | FREE COPY

"प्रत्येक जीवले मृत्युको स्वाद चख्नेछ"
(कुरान २९ : ५७)

## आधारभूत कुराहरु सिकौं

Dar Al Ber Society
www.daralber.ae

*Your Path To Peace..*

مركز المعلومات الإسلامي
Islamic Information Center

www.islamicic.com

تصريح رقم: (2017/139) دائرة الشؤون الأسلامية والعمل الخيري

# मृत्यु नजिकै छ

मृत्यु एउटा यस्तो यथार्थ हो जसबाट कोहीपनि फुत्किन सक्दैन । यो हरेक दिन, हरेक घण्टा, हरेक सेकेन्ड हाम्रो अझै नजिक हुँदै जान्छ । सि.आइ.ए. को "द वर्ड फेक्टबुक २००७" को अनुसार हरेक सेकेन्ड लगभग २ जना मान्छे मर्छन । यसको हिसाबले हरेक वर्ष ५७.९ मिलियन (५७९ लाख) व्यक्तिहरु मर्छन । हरेक जीव एकदिन यो अटल नियति सम्म पुग्छ चाहे ऊ जुनसुकै उमेर, स्वास्थ्यको स्थिति, पृष्ठभूमि, सामाजिक स्तर अथवा धर्मपरायणताको स्तरमा होस् । कता छन् ती पहिलेका राजाहरु, अरबपतिहरू तथा शक्तिशाली व्यक्तिहरु । कता छन् ती सुन्दर, प्रसिद्ध र बुद्धिजीवी सभ्रान्त व्यक्तिहरु ।

"तिमी जुन ठाउँमा भएपनि, मृत्यु तिमीलाई समात्नेछ, चाहे तिमी एउटा बलियो किल्ला भित्र नै किन नहोउ ।"

(कुरान ४ : ७८)

# मृत्युको वास्तविकता

मृत्यु एउटा विपत्ति हैन, बरु यो संसार बाट अर्को संसारमा जाने प्रक्रिया मात्र हो । यसले हामीलाई हाम्रो जीवनको उद्देश्यको बारेमा र हामी मरिसकेपछि हाम्रो साथमा के हुने होला भन्ने कुराको बारेमा विचार र चिन्तन गर्न लगाउनु पर्ने हो ।

अल्लाहले हामीलाई कुरानमा जानकारी दिनुभएको छ कि उहाँले हामीलाई मात्र उहाँको उपासना गर्ने उद्देश्यले सृष्टि गर्नुभएको छ र यो उद्देश्यलाई कसले पूरा गर्छ भन्ने जाँच्न यो जीवनलाई एउटा परीक्षा बनाउनु भएको छ ।

**"र मैले जिन्न र मानवको सृष्टि मात्र आफ्नो उपासनाको लागि गरेको छु ।"**

(कुरान ५१ : ५६)

अल्लाहले जीवन र मृत्युको सृष्टिको पछाडी रहेको उद्देश्यको बारेमा पनि हामीलाई सूचित गर्नुभएको छ :

**"अल्लाह उहाँ हुनुहुन्छ जसले जीवन र मृत्युको रचना गर्नुभयो ताकि तिमीहरु मध्ये कर्ममा को असल छ भन्ने कुरा जाँच्न सक्नुहोस् ।"**

(कुरान ६७ : २)

क्रियाकर्म को लागि पहिल्यै नै खर्च प्रबन्ध गरेर अथवा तावूत को व्यवस्था पहिल्यै नै गरेर कसैले आफ्नो मृत्युको तयारी गरेको हुँदैन बरु मृत्युको तयारी भनेको आफ्नो जीवनको उद्देश्यलाई पूरा गर्नु हो अर्थात् मात्र अल्लाहको उपासना गर्नु, उसको आज्ञा अनुसार जीवन गुजार्नु र राम्रा कर्महरु गर्नु । इस्लाममा उपासना-आराधनाको अवधारणा पूजामा मात्र सिमित नभएर धेरै बृहत छ । वास्तवमा अल्लाहलाई खुशी पार्ने कुनै पनि कामलाई इस्लाममा उपासना मानिन्छ जसको लागि मानिसलाई प्रतिफल प्रदान गरिनेछ ।

# मृत्युको क्षण

र प्रत्येक व्यक्तिले हेर्नुपर्छ कि उसले भोलि (न्यायको दिन) को लागि के-कस्ता कर्म पठाएको छ ।"
(कुरान ५९ : १८)

हरेक दिन हामीहरुले मृत्युको उदाहरण हेरिरहेका हुन्छौं । हामीले बिना पीडा र हिंसाको हुने मृत्युलाई शान्तिपूर्ण मृत्यु ठान्दछौं तर यसो नै हुन जरूरी छैन । जब मानिस मर्छ तब उसको आत्माले उसको शरीरलाई छोड्छ । त्यसबेला मानिसको शरीरको अवस्थाले उसको आत्माको अवस्थालाई नदर्शाएको हुनसक्छ । आत्माको शान्ति अथवा अशान्ति कुनै व्यक्तिको मृत्युको कारणले भन्दा उसले आफ्नो जीवनको उद्देश्यलाई आफ्नो जीवनकालमा कति राम्ररी पूरा गरेको छ भन्ने कुराको प्रत्यक्ष नतिजा हुनेछ ।

उदाहरणको रूपमा दुइटा व्यक्तिहरुलाई लिउँ जो सँग एउटा यस्तो गन्तव्यको मात्र एकतिरको टिकट छ जुन गन्तव्यलाई उनीहरुले कहिल्यै पनि देखेको छैनन् । उनी दुई मध्ये पहिलो व्यक्तिले आफ्नो गन्तव्य स्थानको भाषा, संस्कृति र रीतिरिवाज सिक्नलाई समय निकाल्छ । उसले गन्तव्य स्थानको मुद्रा (रुपैयाँ) र आवश्यक खोपहरु लिन्छ । जब यात्राको समय आउँछ तब ऊ आश्चर्यचकित नभई यात्राको लागि आउँछ । ऊ सुरक्षित र संतुष्ट छ किनभने उसले तयारीको लागि समय निकाल्यो ।

यसको विपरीत, अर्को व्यक्ति तयारीको बारेमा पूर्णरूपले लापरवाह छ र यात्राको समय नआइपुग्दा सम्म आफ्नो जीवन त्यसरी नै गुजारिरहेको छ । ऊ अपरिचित गन्तव्य स्थानमा डराउँदै र अल्मलिँदै पुग्छ । उसको तयारीको अभावले उसलाई एउटा डरलाग्दो परिस्तिथिमा ल्याइ पुर्याउँछ किनभने उसले संगै लिएर आएको कुराहरु कुनै काम नलाग्ने हुन्छन् ।

**यस्तो लापरवाह व्यक्तिको बारेमा कुरानले भन्छ :**

**"जब उनीहरुमध्ये कसैको नजिक मृत्यु आइपुग्छ तब उसले भन्छ , 'मेरो स्वामी, मलाई फिर्ता पठाउनुस् ताकि मैले ती राम्रा कामहरु गर्न सकुँ जसको बारेमा म लापरवाह थिएँ ।' कदापि हैन, यी उसले बोलेका मात्र शब्दहरु हुन् ।"** (कुरान २३ : ९९-१००)

नर्कलाई सुम्पिएका ती व्यक्तिहरुको प्रतिक्रिया पनि विचार गरौं जब तिनीहरुसित उनीहरुलाई नर्कमा पुर्याउने कारणको बारेमा सोधिन्छ :

**"उनीहरुले भन्नेछन् , 'हामी ती व्यक्तिहरु मध्ये थिएनौं जसले उपासना गर्थे न त हामीहरुले गरीबहरुलाई भोजन नै दियौं र हामीहरु बेकारका गफ हाँक्ने व्यक्तिहरु सित गफ गर्ने गर्थ्यौं र हामीहरुले न्यायको दिनलाई इन्कार गर्ने गर्थ्यौं जबसम्म त्यो मृत्यु हामी माथि आइपुगेन जुन निश्चित छ' ।"**
(कुरान ७४ : ४३-४७)

हामी सबैले मृत्युलाई एउटा पुर्वनियोजित समयमा भेट्नेछौं र हामीहरु सबैले त्यो अपरिचित गन्तव्य तिर यात्रा गर्नेछौं । आफूलाई सोध्नुस् – के तपाईंले यसको लागि तयारी गर्नुभएछ ?

# जीवनको उद्देश्य

जीवन यस्तो परीक्षा हो जुन मृत्युमा अन्त्य हुन्छ तर यसले हाम्रो अस्तित्वको अन्त्य दर्शाउँदैन । मृत्यु आउने बित्तिकै राम्रो काम गर्ने अवसर सकिन्छ । यो बेलासम्म पश्चात्ताप गर्न धेरै अबेर भैसकेको हुन्छ र तब मात्र अहिलेको जीवनमा हामी सित हुने आस्था र हामीले गर्ने कर्मले हाम्रो भाग्य निर्धारित हुनेछ । मानिसको जीवन दुई भागमा विभाजित छ

"के तिमीहरुले यो ठानेका छौ कि मैले (ईश्वरले) तिमीहरुलाई खेलखेलमा (बिना कुनै उद्देश्यले) सृष्टि गरेको छु र तिमीहरु म (ईश्वर) तिर फर्काइने छैनौ ।"
(कुरान २३:११५)

यस संसारमा एउटा निर्धारित छोटो बसाइ र अर्को संसारको एउटा अनन्त जीवन । कुनै पनि सही दिमागले यो संसारको छोटो बसाइ भन्दा अर्को संसारको नसकिने आनन्द नै राम्रो छ भन्ने नतिजा निकाल्छ ।

अल्लाहले मानिसलाई सृष्टि गर्नुभयो र हामीलाई कुनै कुराको चुनाव गर्ने स्वतन्त्रता प्रदान गरेर र राम्रो तथा नराम्रो बीचको फरक छुट्याउन सक्ने बुद्धि प्रदान गरेर हामीलाई हाम्रो कर्मको लागि जिम्मेवार ठहराउनु भयो । यदि मृत्यु पछिको जीवन नभएको भए जसमा राम्रालाई इनाम र नराम्रालाई सजाय दिइन्छ भने यसले अल्लाहको सम्पूर्ण न्यायसित विरोधाभास दर्शाउँथ्यो ।

त्यसैले यो न्यायको माँग हो कि मृत्यु पछि न्यायको दिन हुनै पर्छ जसमा हरेकको फैसला गरिनेछ ।

**" के मैले आस्थावानहरुलाई पापीहरु सरह व्यवहार गरूँ ? तिमीलाई यो के भएको छ ? यो कुन किसिमले तिमीहरुले न्याय गर्छौ ।"**

(कुरान ६८ : ३५-३६)

# न्यायको दिन

सबैको यस जीवनका कर्महरु राम्रो तरीकाले लेखिएको र जोगाइएको छ, जस्तै अल्लाहले भन्नु हुन्छ :

" र (कर्मको)किताबलाई माझमा राखिनेछ र त्यसमा लेखेको कुराहरुको कारणले तिमीले पापीहरु लाई अत्यन्त भयभीत देख्नेछौ । तिनीहरुले भन्ने छन् , " धिक्कार छ हामीहरुलाई ! यो कुन किताब हो जसमा कुनै पनि कुरा नछुटाएर त्यसको विवरण लेखेको छ – त्यो सानो कुरा होस् अथवा ठूलो ! तिनीहरुले जुन कर्म गरेका छन् सबै कुरालाई त्यसमा पाउनेछन् र तिम्रो पालनकर्ताले कसैसित अन्याय गर्नुहुँदैन । (कुरान १८ : ४९)

" मृत्यु – जसबाट तिमीहरु भागिरहेका छौ – त्यसले निश्चय नै एक दिन तिमीहरुलाई भेट्टाउने छ । तब तिमीहरु परोक्ष र अपरोक्ष को ज्ञाता (अल्लाह) तिर फर्काइने छौ र तिमीहरुले के गर्यौ भन्ने कुरा बारे उहाँले तिमीहरुलाई सूचित गर्नुहुनेछ ।"
(कुरान ६२:८)

हाम्रो कर्महरुको यस्तो सटीक अभिलेखले हामीलाई छक्क पार्नेछ किनभने हामीले धेरै अगाडि बिर्सिसकेका कुराहरुको यसले सम्झना गराउनेछ । अल्लाहले भन्नुहुन्छ ,

**"अल्लाहले यसको हिसाब राख्नुभएको छ जबकि तिनीहरुले बिर्सिसकेका छन् ।"**

(कुरान ५८ : ६)

यस कुराको बारेमा गहिरो चिन्तनले हामीलाई कुनैपनि पाप गर्दा लज्जित पार्नु पर्ने हो जबकि हामीहरुलाई थाहा छ कि यो कुरा टिपोट गरिनेछ र अल्लाहको अगाडि न्यायको दिन यसको पर्दाफास गरिनेछ ।

"ती जसले अल्लाहको पुनर्जीवित पार्ने र न्याय गर्ने क्षमता माथि शंका गर्छन् , अल्लाहले नास्तिकहरुको भनाइलाई उद्धित गर्दै भन्नु हुन्छ :

**" सडेर धूलो बनिसकेपछि कसले यी हाडहरुलाई जीवन दिन्छहोला र ?' भनिदेऊ (हे मुहम्मद), 'जसले उनीहरुलाई पहिलो पटक रचना गर्नुभयो उहाँले नै उनीहरुलाई जीवन दिनुहुनेछ ! र उहाँ हरेक सृष्टिको बारेमा सम्पूर्ण ज्ञान राख्ने हुनुहुन्छ !'"** (कुरान ३६ : ७८-७९)

# स्वर्ग र नर्क

उपासनाको लायक एक मात्र ईश्वरको रूपमा अल्लाह माथि आस्था राख्ने र असल कर्महरु गर्ने व्यक्तिहरु स्वर्गको प्रतिफल बाट पुरस्कृत हुनेछन् ।

" निश्चय नै त्यस दिन स्वर्गका वासीहरु आनन्ददायी कुराहरुमा व्यस्त हुनेछन् । उनीहरु र उनीहरुका श्रीमतीहरु सुखद छहारीमा हुनेछन् , सिंहासनमा पस्रेको अवस्थामा । त्यहाँ तिनीहरुले (सबै प्रकारका) फलहरु पाउनेछन् र ती सबै कुराहरु जसको तिनीहरुले इच्छा गर्छन् । (कुरान ३६ : ५५-५७)

संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) ले भन्नुभयो कि अल्लाहले भन्नुभयो :

" मैले आफ्नो आज्ञाकारी दासहरुको लागि यस्ता सर्वोत्कृष्ट कुराहरु तयार परेको छु जसलाई कुनै पनि आँखाले कहिल्यै देखेको छैन, कुनै कानले कहिल्यै सुनेको छैन न त कुनै पनि मानिसको हृदयले त्यसको बारेमा कहिल्यै कल्पना नै

यसको विपरित अल्लाह एक मात्र हुने कुरालाई इन्कार गर्नेहरुलाई भनिनेछ :

**"यो त्यही नर्क हो जसको बारेमा तिमीहरु सित वाचा गरिएको थियो ! तिमीहरुले अवज्ञा (अनास्था) गरेको बदलामा यसमा आज पोलियौ ।"**

(कुरान ३६ : ६३-६४)

Reference: www.islamicpamphlets.com

इन्कार गर्नेहरु (नास्तिकहरु) का लागि सबैभन्दा नराम्रा सजायहरु हुनेछ :

" निश्चय नै नर्क घातमा छ । (यो) अत्याचारीहरूको वासस्थान हो, जसमा उनीहरु अनन्तकाल सम्म हुनेछन् । उनीहरुले त्यसमा न त कुनै शीतलताको स्वाद चाख्नेछन् न त कुनै पेयको , उम्लेको पानी र बगिरहेको पीप बाहेक । (यो) उचित (न्यायपूर्ण) प्रतिफल हो (तिनीहरुको दुष्टतापूर्ण कर्महरुको) ! उनीहरुले निश्चय नै हिसाबको अपेक्षा नै गरेका थिएनन् र निडर भएर हाम्रा आयात हरु (संकेतहरु) लाई इन्कार (झूठो ठहर) गर्थे । तर मैले सबै कुरा किताबमा लेखेका छु । ' तसर्थ आफ्नो कर्मको स्वाद चाख र मैले तिमीहरुलाई अरु कुनै कुरामा नभई बरु मात्र यातनामा वृद्धि गर्दै जानेछु ।'"

(कुरान ७८ : २१-३०)

# निष्कर्ष

" हे मानव ! तिमीलाई परम कृपालु आफ्नो पालनकर्ताको प्रति कुन कुराले भ्रममा पारेको छ । कसले तिमीलाई सृष्टि गऱ्यो र तिमीलाई ठीक पाऱ्यो र तिमीलाई एउटा अनुपातमा बनायो । जुन रूपमा चाह्यो तिमीलाई जोड्यो । हैन, बरु तिमीहरुले न्यायको (अन्तिम) दिनलाई झूठो ठहर गर्छौ

(कुरान ८२ : ६-९)

मृत्यु अपरिहार्य (टार्न नसकिने) छ । हाम्रो जीवनको उद्देश्य एक अल्लाहको मात्र उपासना गर्नु, सत्कर्म गर्नु र मनाही गरिएका सबै कुराहरु बाट जोगिनु हो । हाम्रो भाग्य हाम्रो अहिलेको कर्म माथि निर्भर छ । तसर्थ हामीले कि त धर्तीमा रहेको मौकाह रुलाई प्रयोग गरेर सदैवका लागि स्वर्गमा आफ्नो लागि एउटा ठाउँ निश्चित गर्न सक्छौं कि त यसलाई व्यर्थ गरेर आफूलाई नर्कको कहिल्यै नटुंगिने यातनाको सजाय दिन सक्छौं ।

" निश्चित तवरमा सत्कर्म गर्ने व्यक्तिहरु आनन्दमा हुनेछन् र दुराचारीहरु नर्कमा ।"
(कुरान ८२ : १३-१४)

www.islamicic.com WhatsApp +97156 2042 045
+971 4 3555 223 info@islamicic.com 25020 Dubai - UAE islamicicdxb
DONATIONS VIA SMS: SEND THE WORD "ISLAM" TO
10 AED 2289 Etisalat Du
50 AED 2252 Etisalat Du
100 AED 6027 Etisalat Du